'उज्यालो नेपालको संवाहक'

नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं

माथिल्लो त्रिशुली ३ 'ए' जलविद्युत केन्द्रको उद्धारका लागि आवश्यक स्रोत साधन व्यवस्थापन सम्बन्धी सूचना

जटिल भौगोलिक अवस्था, प्रतिकुल मौसम एवम् सम्पूर्ण आवश्यक सामानहरु Air Lift गर्नुपर्ने चुनौतिका बाबजुद प्राधिकरणले आफ्ना सम्पूर्ण स्रोत साधनहरुलाई अधिकतम परिचालन गरी विपद्मा परेका कर्मचारी तथा कामदारको खोज तथा उद्धारकार्य जारी रहेको व्यहोरा समय समयमा जानकारी गराइएको अवगत नै छ। खोज तथा उद्धारकार्य निर्वाध रुपमा सञ्चालन गर्न आवश्यक सामाग्रीको व्यवस्थापनका लागि यसअघि नै तीन वटा स्थानहरु क्रमशः (१) शान्ति बजार, रसुवा (माथिल्लो त्रिशुली ३ 'ए' पावर हाउस नजिक) (२) बट्टार, त्रिशुली र (३) प्रधान कार्यालय, काठमाडौं मा ३ वटा टोली गठन भई कार्य भैरहेको छ। खोज तथा उद्धार कार्यको लागि आवश्यक परेको सामग्रीको लागि माथिल्लो त्रिशुली ३ 'ए' जलविद्युत केन्द्रको उद्धार स्थलमा रहनु भएको प्राधिकरणका तपसिल बमोजिमका टोली सदस्यहरुले उद्धार कार्यमा संलग्न नेपाली सेना, विज्ञ वा प्राविधिक समेतसँग समन्वय गरी बट्टार, त्रिशुली स्थित तपसिल बमोजिमको टोलीलाई WhatsApp Group: NEA (Trishuli Disaster Rescue) Group मार्फत जानकारी गराउनु हुनेछ। तत्पश्चात बट्टार, त्रिशुली स्थित टोलीले आफुसँग मौज्दात रहेको आवश्यक सामग्री तत्काल उपयुक्त माध्यमबाट साईटमा उपलब्ध गराउनु हुनेछ । यदी मौज्दात नरहेको खण्डमा बट्टार टोलीले प्रधान कार्यालय स्थित तपसिल बमोजिमको टोलीलाई उल्लिखित WhatsApp Group मार्फत सामान उपलब्ध गराउन जानकारी गराउनु हुनेछ। सोको जानकारी पाउनासाथ तत्काल आवश्यक सामग्रीको व्यवस्थापन गर्ने गरी एक द्वार नीति अवलम्बन गर्नु गराउनु हुन सम्बन्धित सबैलाई सूचित गरिन्छ। उल्लिखित औपचारिक स्रोतभन्दा बाहिरबाट माग भएका सामानहरुको आपूर्ति गर्न प्राधिकरण बाध्य नहुने व्यहोरासमेत जानकारी गराइन्छ।

तपसिलः

१. माथिल्लो त्रिशुली ३ 'ए' जलविद्युत केन्द्र उद्धार स्थल टोली
   क) आभाष ओझा, प्रबन्धक- संयोजक
   ख) सुरेश राउत, उपप्रबन्धक-सदस्य
२. बट्टार, त्रिशुली टोली
   क) धिरेन्द्र चौधरी, निर्देशक-संयोजक
   ख) दिनेश श्रेष्ठ, उपनिर्देशक -सदस्य
   ग) सुरज दाहाल, उपप्रबन्धक-सदस्य (हेलीकप्टर व्यवस्थापन)
   घ) प्रदिप सिंह, सहायक प्रबन्धक-सदस्य
   ङ) हरिशचन्द्र धिताल,सहायक प्रबन्धक-सदस्य
   च) क्षितिज कोइराला, इन्जिनियर- सदस्य
३. प्रधान कार्यालय टोली
   क) पशुपति गौतम, प्रबन्धक-संयोजक
   ख) प्रभाव बिष्ट, इन्जिनियर-सदस्य
   ग) टंक पौडेल, सहायक इन्जिनियर-सदस्य

मितिः२०८३।०५।१७ गते बुधबार

सम्पर्क फोन : ०१४१५३००७, ०१४१५३०१२, ०१४१५३१९३, ०१४१५३०८२, फ्याक्स : ०१४१५३००९
Email: neamd@nea.org.np, Web: www.nea.org.np